# आदर्श कोतवाल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रोजगार सेवा केन्द्र
महेन्द्र आदर्श,बारा
मधेश प्रदेश, नेपाल

पत्र संख्या:२०८०/०८१
चलानी नं.: 426

मिति:२०८०/११/०१

श्री वडा कार्यालय सबै
आदर्श कोतवाल गाउँपालिका
महेन्द्र आदर्श, बारा

**विषय- न्यूनतम रोजगारीमा संलग्न हुनको लागी निवेदन पेश गर्ने सम्बन्धमा ।**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारी हक सम्बन्धी (दोस्रो संशोधन) नियमावली २०७७ को नियम ७ को उपनियम १ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा १८ (१) बमोजिम आगामी २०८१/०८२ मा रोजगार सेवा केन्द्रबाट आर्थिक तथा सामाजिक अवसरबाट बंचित बेरोजगार व्यक्तिहरुलाई प्रदान गरिने १०० दिन बरावरको न्यूनतम रोजगारीमा संलग्न गराई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न सक्ने १८ वर्ष उमेर पुर भई ५९ वर्ष ननाघेको ईच्छुक बेरोजगार व्यक्तिहरुले बेरोजगार व्यक्तिको सुचिमा सुचिकृत हुन आफु स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजातहरु सहित मिति २०८० फाल्गुन १ गते देखी फाल्गुन मसान्त सम्म तोकिएको ढाँचामा निवेदन दिन हुन सम्बन्धित सबैको जनकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरु**

१.निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी १ प्रति ।
२.निवेदकको पसपोर्ट साईजको फोटो १ प्रति ।
३.निवेदक सहित परिवारको सम्पूर्ण सदस्यको नाम, नाता, जन्ममिति, नागरिकता नम्बर, जारी मिति, शैक्षिक योग्यता, सिप दक्षता तथा रोजगारीको अवस्था ।
४.बसाईसराई भएको भए सो को प्रमाण पत्रको प्रतिलिपि १ प्रति ।
५.निवेदकको वार्षिक पारिवारीक आम्दानी ।
६.निवेदनमा भएका सम्पूर्ण विवरण स्पष्ट र पुर्ण भएमा मात्र रोजगार व्यवस्थापन सुचना प्रणालीमा सुचिकृत हुन पाइने ।

**नोट**- आवेदन फारम सम्बन्धीत वडा कार्यालयबाट उपलब्ध हुनेछ । र आवेदन फारममा उल्लेखित भने बमोजिम विवरण भर्नु पर्ने छ । अपूर्ण विवरण भए मान्य हुने छैन ।

....................
पप्पु प्रसाद जयसवाल
रोजगार संयोजक

**बोधार्थ**- श्री सुचना प्रविधिक शाखा

नेपाल सरकार

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरबार, काठमाडौं

## आ.व. २०८१/०८२ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना

चालु आर्थिक वर्ष २०८०/०८१ मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेका १८(अठार) वर्ष देखि ५९(उनान्साठी) वर्ष उमेर समूहका बेरोजगार नागरिकले **२०८० फागुन महिना भरीमा आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा सूचीकृत हुन निवेदन दिनु हुन** यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा र यस सम्बन्धी थप जानकारी स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्र वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट https://pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ ।